गाउँ कार्यपालिकाको कार्यालय
मुगुम कार्मारोङ गाउँपालिका
पुलु, मुगु

आज मिति २०७६ साल जेष्ठ २७ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |

**निर्णय नं १ :-** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका विषयमा छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट चालु आ.व मा १०४ जना बेरोजगार लाइ काममा संलग्न गराउने भनि शसर्त अनुदान प्राप्त भएको हुँदा यस गाउँपालिकामा रहेका बेरोजगार गर्दुरिलाई मध्यनजर गरि यस आ.व मा १५ दिन काम गर्ने गरि निम्न वडाहरुमा निम्न बेरोजगार घरधुरी संख्या बाँडफांड गरि वडा समितिले आफ्नो वडाका वेरोजगार घरपरिवार वडा समिति मार्फत छनौट गरि असार ५ गते भित्र बेरोजगार घरपरिवारको नामावली सिफारिस गरि पठाउने र ६ गते बाट काम सुचारु गर्ने निर्णय गरियो |

**निम्न**

| वडा नं | छनौट गर्नुपर्ने बेरोजगार संख्या |
|---|---|
| १ | २२ |
| २ | ३० |
| ३ | १३ |
| ४ | १९ |
| ५ | २३ |
| ६ | १९ |
| ७ | २८ |
| ८ | २४ |
| ९ | ३० |
| **जम्मा** | २०८ |

साथै शिक्षक, स्वास्थ्य स्वयमसेविका, जनप्रतिनिधि, वर्षभरि व्यापार गर्ने ब्यापारी, निर्माण व्यवसायी, वि.व्य.स , स्वास्थ्य समिति लगायत अन्य संस्थाका अध्यक्ष र सार्वजनिक पदधारण गर्ने अन्य कर्मचारी लगायतका घरधुरीका परिवार लाइ संलग्न नगराउने र वार्षिक रुपमा रु ५१००० (अक्षेरुपी रु. एकाउन्न हजार) भन्दा कम आय भएका दलित घरपरिवार, एकल महिला, गरिव तथा विपन्न वर्गका घरपरिवारलाइ यस कार्यक्रममा समावेश गर्ने निर्णय गरियो |

**निर्णय नं २ :-** गमगढी देखि मान्ग्री स्वास्थ्य चौकीको वार्थिंग सेन्टरमा सोलार ढुवानी भए जडान कार्य समेत सम्पन्न भएकोले जिल्ला दररेटको आधारमा ढुवानी खर्च भुक्तानी दिने निर्णय गरियो | साथै किम्री स्वास्थ्य चौकीमा ढुवानी भएका सोलार, ब्याट्री जडान भएपश्चात निजलाइ समेत जिल्ला दररेटको आधारमा नै भुक्तानी दिने निर्णय गरियो |

**निर्णय नं ३ :-** मुगु स्वास्थ्य चौकीमा आवश्यक सामाग्री खरिद तथा डेलिभरी बेड ढुवानीको लागि जम्मा रु ५०००० (अक्षेरुपी पचास हजार) को समान खरिदभएको विल र ढुवानी भएपश्चात स्वीकृत रु. ५०००० उपलब्ध गराउने निर्णय गरियो |

सचिव

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगु

आज मिति २०७६ साल जेष्ठ २६ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |

**निर्णय नं १ :-** हाल छाईलमा रहेको कुखुरा फर्ममा रहेका कुखुरा हरु वडा नं ९ का अध्यक्ष श्री सिंह बहादुर बुढाको प्रत्यक्ष निगरानी हुनेगरि प्रति कुखुरा न्युनतम रु १५०० (अक्षेरुपी एक हजार पांच सय) का दरले बिक्री गरि गाउँपालिकाको खातामा उक्त रकम दाखिला गर्ने निर्णय गरियो |

**निर्णय नं २ :-** यस गाउँपालिका अन्तर्गत वडा नं २ मुगुमा NTC टावरको सामान ढुवानी गरि काम सम्पन्न भएको हुँदा संचारसेवा विस्तार शिर्षकबाट रु ३००००० (अक्षेरुपी रु. तिन लाख) २ नं वडा कार्यलय लाइ भुक्तानी दिने निर्णय गरियो |

**निर्णय नं ३ :-** यस गाउँपालिका अन्तर्गत वडा नं ६ रिउसबगरमा निर्माण गरिने साना जलविधुत आय्जना कादुरी संस्थाको सहयोगमा सुचारु गर्न रु. २००००० (अक्षेरुपी रु दुई लाख) रकम गाउँपालिकाको थप समपुरक कोष वापतको रकम आवश्यक पर्ने भएकाले सोहि वापतको रकम सम्बन्धित उपभोक्ता समितिलाइ भुक्तानी गर्ने निर्णय गरियो |

**निर्णय नं ४ :-** क्रिम्री गाउँमा निर्माण गर्न थालिएको टेलिफोन टावर निर्माणको ल्लागी उक्त सामान ढुवानी गर्दा लाग्ने ढुवानी खर्च वापत रु. ३००००० (अक्षेरुपी रु तिन लाख) विविध खर्च (भैपरि आउने पुँजीगत खर्च) शिर्षक बाट भुक्तानी दिने गरि रकम विनियोजन गर्ने निर्णय गरियो |

**निर्णय नं ५ :-** यस गाउँपालिकामा रहेका ७५ वर्ष उमेर माथिका सम्पूर्ण जेष्ठनागरिक हरुलाई सम्मान गर्न गत आ.व २०७५/०७६ मा रु.१५०००० (अक्षेरुपी रु एक लाख पचास हजार) स्वीकृत भएकोमा उक्त कार्यक्रम यस आ.व मा संचालन गर्ने भएकोले सो रकम अपुग हुने हुँदा लक्षित वर्ग विकास कार्यक्रमबाट थप रु. १५०००० (एक लाख पचास हजार) सहित जम्मा रु. ३००००० (अक्षेरुपी रु तिन लाख) रकम जेष्ठ नागरिक सम्मान कार्यक्रममा खर्च गर्ने निर्णय गरियो |

सचिव

आज मिति २०७६ साल असार १० गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |

**निर्णय नं १** :- विगत १० दिन देखि गाउँसभामा पेश हुने बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि खटाईएका कर्मचारी र जनप्रतिनिधि हरुले यस कार्यपालिकाको बैठकमा पेश गर्नुभएको बजेट, निती तथा कार्यक्रमहरु स्वीकृत गरि आज १० बजे आव्हान गरिएको चौथों गाउँसभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं २** :- यस गाउँपालिकाले संचालन गरको छात्रवृत्ति कोषको सुचना प्रकाशन भई तिन जनाको निवेदन परको र उक्त निवेदन उपर कारवाही हुँदा तिनैजना लाई उक्त कोषको ब्याजबाट प्राप्त रकम छात्रवृत्तिस्वरूप निजहरुको खातामा जम्मा हुनेगरि पठाउने र प्रत्यक आ.वमा पुन: सुचना प्रकासन गर्ने, साथै उक्त रकम आ.व समाप्ति पछी मात्र ब्याजको हिसाब गरेर भुक्तानी दिने निर्णय गरियो |

सचिव

**आज मिति २०७६ साल असार १६ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो ।**

**निर्णय नं १ :-** असार १० गतेको गाउँसभाले पुन छलफलका लागि गाउँकार्यपालिकामा फिर्ता पठाएको बजेट नीति तथा कार्यक्रम माथि छलफल गर्दा आगामी आ.व २०७६/०७७ को नीति तथा कार्यक्रमलाइ स्वीकृत गरि गाउँसभामा पेश गर्ने र बजेट माथिको दफावार छलफल २०७६/०३/१८ गते बस्ने कार्यपालिकाको बैठकमा पुन छलफल गर्ने निर्णय गरियो |

**निणर्य नं २ :-** भौगोलिक विकटता र कठिनाईका कारण वडाले छनौट गरेका बेरोजगार व्यक्तिहरुको तत्काल बैंक खाता खोलि कार्यन्वयन गर्न यस आ.व मा सम्भावना नभएकोले वडाले सिफारिस गरेको नाईकेले भुक्तानी विल भरपाई पेश गरि आएमा प्राविधिक कागजपत्रको आधारमा चालु आ.व को प्रधानमन्त्रि रोजगार कार्यक्रम कार्यन्वयन गर्ने गराउने निर्णय गरियो | साथै सोको वितरण व्यवस्थापन लाइ प्रभावकारी बनाउन यस गा. पा अन्तर्गत रहेका वडाका २ जना कर्मचारी मध्य एक जनालाई माथिल्लो क्षेत्र (वडा नं १,२,३,४) र अर्कोलाई तल्लो क्षेत्र (वडा नं ५,६,७,८,९ )मा खटाई वेरोजगार व्यक्तिहरुलाई रकम भुक्तानी गराउने निर्णय गरियो |

**निर्णय नं ३ :-** नेपाल सरकाले स्वीकृत गरि परिपत्र गरेको ३५ बुँधे भ्रस्टाचार नियन्त्रण र पारदर्शिता सम्वन्दी घोषणापत्र कार्यन्वयन गर्न प्रतिवद्द हुने निर्णय गरियो |

सचिव

**आज मिति २०७६ साल असार १८ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्ने लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |**

**निर्णय नं १ :-** असार १० गतेको चौंथो गाउँसभाले कार्यपालिकामा फिर्ता पठायको बजेट नीति तथा कार्यक्रम मध्य गाउँपालिका र वडा कार्यालयहरुमा प्रस्तावित विभिन्न योजना र विनियोजित बजेट माथि दफावार छलफल गरियो र बजेट नीति तथा कार्यक्रमलाइ मिति २०७६-०३-२० गते बस्ने गाउँसभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं २ :-** चा.लु आ.व ०७५/०७६ को हाल सम्म भएगरेको आर्थीक तथा भौतिक प्रगतिको विवरण भोलि मिति २०७६-०३-१९ गते हुने सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सम्पूर्ण जनप्रतिनिधि तथा आम गाउँपालिका बासिलाइ जानकारी गराउने निर्णय गरियो |

सचिव

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु

**आज मिति २०७६ साल श्रावण १० गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |**

**निर्णय न.१** यस गाउँपालिका र छायाँ नेपालको सँयुक्त लगानीमा गा.पा.को वडा न.६ रिउसवगरमा निर्मित सामुदायिक अस्पतालवाट तत्काल सेवा प्रदान गर्नका लागि खटिनु भएका नयाँ तथा अन्य कर्मचारीको आवास र अस्पतालको व्यवस्थापनका लागि अत्यावश्यक सामानहरु तत्काले गाउँपालिकाले व्यवस्थापन गर्ने र खटिएका कर्मचारीहरु वाट माग भई आएका अन्य सामान तथा औषधी ,उपकरण आपुर्तीका लागि गा.पा.स्वास्थ्य शाखा र जिल्ला अस्पताल मुगुमा आवाश्यक समन्वय गर्ने यदि सम्वन्धित निकायवाट प्राप्त हुन नसकेमा सो को व्यवस्थापन गाउँपालिकाले गर्ने निर्णय पारित गरियो ।

**निर्णय न.२** २०७६ साल भित्र साक्षर नेपाल घोषणा गर्ने नेपाल सरकारको लक्ष्यलाई साकार पार्न साक्षरताका कक्षा सँञ्चालन गर्ने प्रयोजनार्थ निरक्षरहरुको एकिन तथ्याँक सँकलन गर्न आवाश्यक सामग्री निर्माण र व्यवस्थापनको जिम्मा शिक्षा युवा तथा खेलकुद शाखालाई प्रदान गर्ने तथा निरक्षरताको तथ्याँक सँकलन गर्नका लागि तपशिल वमोजिमका सामुदायिक सिकाई केन्द्रलाई जिम्मेवारी दिने निर्णय पारित गरियो ।

तपशिल :

- वडा न. १ र २ का लागि एव्लाङ सामुदायिक सिकाई केन्द्र कार्ति ।
- वडा न.३,४,५ र ६ का लागि नेछेन सामुदायिक सिकाई केन्द्र पुअ ।
- वडा न.७,८ र ९ का लागि सामुदायिक सिकाई केन्द्र म्ााँग्री ।

**निर्णय न.३** आ.व.२०७५।०७६ मा गाउँपालिकाको समानीकरण अनुदान तर्फको विनियोजित रकम वाट गाउँपालिकाको वडा न. ५ फाल्सा स्थित सँञ्चालित नमुना तरकारी खेती प्रविधि कार्यक्रममा रोपिएको काउली तथा वन्दा क्रमश : प्रति के.जी.३० र २५ का दरले विक्रिवितरण गर्ने तथा सोको आय व्यय अभिलेख राखी गाउँपालिकाको आन्तरिक श्रोतमा जम्मा गर्ने समेतको जिम्मेवारी सुरुवाती देखी रेखदेख गरेका प्राविधिक श्री उर्गिन नुम्डोल लामालाई प्रदान गर्ने निर्णय पारित गरियो ।

**निर्णय न.४** यस गाउँपालिकाको आ.व.२०७५।०७६को समानीकरण अनुदान तर्फको विनियोजित रकम वाट गाउँपालिकाको वडा न.९ मा स्थापित कुखुरा फर्ममा हाल व्यवस्थापन र दानापानी लगायतका विभिन्न पक्षमा समस्या देखिएकोले अव वाँकी रहेका १८४ वटा कुखुराहरु प्रतिगोटा रु १२०० अक्षरुपी वाह्रसयका दरले विक्री वितरण गर्ने निर्णय पारित गरियो ।

**निर्णय न.५** आ.व.२०७६।०७७ मा यस गाउँपालिका वाट सँञ्चालन हुने सम्पुर्ण भौतिक निर्माणका आयोजनाहरु गाउँ पालिकाको कठिन भुगोल र मँसिर देखी फाल्गुण सम्म हुने हिमपातको अवरोध लाई मध्यनजर गरी समयमै आयोजना सम्पन्न गर्नका लागि २०७६ को भाद्र मसान्त सम्म सम्पुर्ण

प्रमुख प्रशासकीय अधिकृत

योजनाहरुका उपभोक्ता समिति गठन गरी योजना सम्झौता गर्नका लागि आ आफ्नो वडा वस्तिमा तयारी तथा सहजीकरण गर्ने निर्णय पारित गरियो ।

**निर्णय न. ६** जिल्लाकै प्रसिद्ध धार्मिक स्थल छायाँनाथ धाम र गाउँपालिकाको वडा न. १ पर्ने कोईकी ,शोभागिरी जस्ता हिमालहरुको प्रचार प्रसार र पर्यटन प्रर्वद्धनका लागि आ.व.०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम मिति २०७६ साल भाद्र २३ देखी २५ सम्म छायाँनाथ मुगु महोत्सव गर्ने निर्णण पारित गरियो । आज्ञाले निर्णय प्रमाणित गर्ने :

छिरिङ क्याप्ने लामा
गाउँपालिका अध्यक्ष

शुवास चन्द्र रावल
कार्यपालिका सचिव

प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु

**आज मिति २०७६ साल श्रावण ११ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |**

**निर्णय न. १ :** गाउँ कार्यपालिकाको मिति २०७६ साल श्रावण १० गतेको निर्णयले मिति २०७६ भाद्र २३ देखी २५ सम्म तय गरेको छायाँनाथ मुगु महोत्सवलाई शान्त ,भव्य र व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि तपशिल वमोजिमका समिति तथा उपसमिति गठन गरी जिम्मेवारी प्रदान गर्ने निर्णय पारित गरियो ।

तपशिल :

**मुल आयोजक समिति**

गाउँपालिका अध्यक्ष – अध्यक्ष

गाउँपालिका उपाध्यक्ष –सदस्य

सम्पुर्ण वडाका वडाध्यक्ष ज्युहरु – सदस्य

सम्पुर्ण कार्यपालिकाका सदस्य ज्युहरु – सदस्य

प्रमुख प्रशासकिय अधिकृत – सदस्य सचिव

**उप समितिहरु**

**१.आर्थिक उपसमिति**

कार्मा तामाङ – सँयोजक

छेवाङ ग्याल्जन तामाङ –सदस्य

दि हिमाललयन पिस एसोसियसनको प्रतिनिधी –सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

प्रमुख प्रशासकिय अधिकुत – सदस्य सचिव

**२.व्यवस्थापन उपसमिति**

गाउँपालिका उपाध्यक्ष – सँयोजक

सोनाम याङ्जी तामाङ –सदस्य

छिरिङ टासी तामाङ –सदस्य

प्रमुख प्रशासकीय अधिकृत

झव्याङ आङ्वु तामाङ – सदस्य

गुरुछोटेल तामाङ – सदस्य

गौरीकान्त चौलागाई – सदस्य

तिर्थराज शाही – सदस्य सचिव

**३.प्रचार प्रसार उप समिति**

कार्मा फुन्जोक तामाङ – सँयोजक

च्यावा तामाङ – सदस्य

सिह वुढा – सदस्य

साङ्मु कामी –सदस्य

गा.पा.सुचना प्रविधि अधिकुत –सदस्य सचिव

**४.सँस्कुतिक उपसमिति**

धोर्वाछिरिङ तामाङ – सँयोजक

लुण्डुप तामाङ – सदस्य

जसिकला वुढा – सदस्य

सेटोल कामी –सदस्य

सोनाम पुटिक तामाङ –सदस्य

नुम्डोल तामाङ –सदस्य

शुवास चन्द्र रावल – सदस्य सचिव

**निर्णय न. २** गाउँपालिका मा सँञ्चालन गर्नका लागिएको छायाँनाथ मुगु महोत्सवमा आर्थिक तथा अन्य सहयोगका लागि तपशिल वमोजिमका निकाय सँग माग गर्ने निर्णय पारित गरियो ।

तपशिल :

नेपाल सरकार सँस्कुति पर्यटन तथा नागरीक उड्यायन मन्त्रालय

नेपाल पर्यटन वोर्ड

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु

प्रदेश सरकार (कर्णाली प्रदेश )

विभिन्न सरकारी तथा गै.स.स.हरु

अन्य सरोकारवालाहरु सवै ।

आज्ञाले निर्णय प्रमाणित गर्ने :

छिरिङ्ग बयाप्जे लामा
गाउँपालिका अध्यक्ष

.............................
शुवास चन्द्र रावल
कार्यपालिका सचिव

प्र. प्रमुख प्रशासकीय अधिकृत

**आज मिति २०७६ साल असोज २ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्ने लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो ।**

**निर्णय नं १ :-** संबिधान दिवश २०७६ लाई हर्सोल्लासका साथ मनाउन गाउँपालिका केन्द्र रहेको पुलु बजार क्षेत्र भित्र निम्न कार्यक्रम संचालन गर्ने ।

क ) २०७६ असोज २ गते बजार क्षेत्र सरसफाई गरि साझं दिपावली गर्ने ।
ख ) २०७६ असोज ३ गते विहाना हात हातमा प्लेकार्ड र रास्ट्रिय झण्डा बोकी बजार क्षेत्रमा प्रभातफेरी गर्ने , दिउँसो सांस्कृतिक कार्यक्रम तथा संबिधान बिशेस अन्तरक्रिया गरि साँझ घर घर मा दिपावली गर्ने ।
ग ) २०७६ असोज ४ गते मैत्रीपुर्ण ब्याटम्यानटिन र भलिवल खेल संचालन गरि साँझ दिपावली गर्ने ।

**निर्णय नं २ :-** यस गा.पाको केन्द्र पुलु बजार क्षेत्रमा सार्वजनिक सौचालय अत्यावशेक भएकोले हाल स्वास्थ्य चौकी पुलु भित्र निर्माणाधीन अवस्थामा रहेको शौचालयलाई लैङ्गिकमैत्री शौचालयको रुपमा परिणत गरि निर्माण सम्मपन्न गर्नको लागि पुन प्राविधिक लागत इस्टिमेट तयार गर्न लगाई लागत इस्टिमेट अनुसारको रकम गाउँपालिकाको भैपरि आउने पुँजीगत शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो । उक्त शौचालयमा पानिको समेत व्यवस्था गर्ने ।

**निर्णय नं ३ :-** यस गाउँपालिकाको चौंथो गाउँसभा बाट स्वीकृत भएका योजना तथा कार्यक्रम मध्य निम्नानुशार गर्ने ।
क) गाउँसभाबाट स्वीकृत भएका वडाका योजनाहरु उपभोक्ता समितिबाट संचालन गर्ने ।
ख ) चौंथो गाउँसभाले स्वीकृत गरेका शसर्त तथा वित्तीय समानीकरण अनुदान बाट संचालन हुने अन्य योजना तथा कार्यक्रम हरु आवश्यकता अनुसार अमानत दरभाउपत्र, शिलवंदीदरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिदनिर्माण प्रकृया अघिबढाउन ।

**निर्णय नं ४ :-** गाउँसभाबाट स्वीकृत भएका योजनाहरु उपभोक्ताबाट संचालन गर्न सम्बधित वडाले अबिलम्ब उपभोक्ता समिति गठन गरि सम्झौताको लागि गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं ५ :-** यस गाउँपालिका अन्तर्गतका वडाहरुलाई चालु खर्च बाट वार्षिक निम्न अनुसारका खर्च शिर्षकमा रकम निकासा दिने । निम्नानुसार :-

| सी.नं | शिर्षक | वार्षिक रकम | कैफियत |
|---|---|---|---|
| १ | अन्य भत्ता | २१६०००। | प्रति वडा |
| २ | घरभाडा | २४०००। | प्रति वडा |
| ३' | कार्यालय संचालन सम्बन्धि | १२००००। | प्रति वडा |
| ४ | अनुगमन तथा मुल्यांकन | १००००। | प्रति वडा |
| ५ | भ्रमण खर्च | १०००००। | प्रति वडा |
| ६ | विविध खर्च | १२००००। | प्रति वडा |
| ७ | भैपरी आउने चालु खर्च | ५००००। | प्रति वडा |
| | जम्मा | ६४००००। | |

**निर्णय नं ६ :-** यस गाउँपालिका अन्तर्गतको सामुदायिक अस्पताल रिउस बगरमा कार्यरत हे.अ लाई निजामंती सेवाको ना.सु ले यस गाउँपालिकामा पाउने स्थानीय भत्ता सरहको रकम मासिक भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७ :-** यस गाउँपालिकाको बैंक खाता हाल सम्म रास्ट्रिय वाणिज्य बैंक मुगु मा संचालन हुँदै आएकोमा अब उप्रान्त गा.पाको बैंक खाता रास्ट्रिय बाणिज्य बैंक पुलुमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :-** छायाँनाथ मन्दिर क्षेत्रमा शिवमुर्ति स्थापना गर्नको लागि खरिद हुने मुर्तिको लागि रु. ३ लाख भैपरि आउने पुँजीगत खर्चबाट रकम भुक्तानी दिने ।

**निर्णय नं ९ :-** निम्न अनुसारका संस्था/व्यक्तिहरुले गाउँपालिकामा आर्थिक सहाय्रता माग गरेका हुनाले देहाय अनुसारका रकम आर्थिक सहायता दिने ।

प्रमुख प्रशासकीय

१ ) गरिव संग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालक पूर्णसिंह बुढाको अकालमा मृत्यु भएकोले निजको पत्नी चन्द्रसराबुढा खड्का लाई रु. १५०००|

२ ) प्रहरी चौकी पुलुमा विजया दशमीको अवशरमा झण्डा तथा हातहतियार पुजा गर्न रु. १०००० |

३ ) वार्ड नं ४ बस्ने फुर्वा छिरिंग लामालाई आवास मर्मत वापत रु. २००००|

४ ) क्यान्सर बाट वडा नं ८ बस्ने श्री छेवांग तामांगलाई रु. ६००००|

**निर्णय नं १० :-** छायाँनाथ मन्दिर क्षेत्रमा शिवमुर्ति र बुद्द मुर्ति स्थापना गर्नको लागि निर्माण हुने संरचना लाई रु. २ लाख भुक्तानी गर्ने |

सचिव

प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगु

आज मिति २०७६ साल मंसिर ८ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |

**निर्णय नं १** – नेपाल सरकारको आ.व २०७६/०७७ भित्र साक्षर नेपाल घोसणा गर्ने लक्ष्यलाइ साकार पार्नका लागि संचालन गरिने गाउँपालिका साक्षरता. अभियान सफल पार्नका लागि तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. प्रत्यक वडा हरुमा साक्षरता कक्षाहरु संचालनको लागि हरेक २५ जना निरक्षर बराबर १ जना सहजकर्ता नियुक्ति गर्ने ।
२. साक्षरता कक्षा संचालनको लागि शिक्षक नियुक्ति गर्दा अधिकतम १०+२ र न्युनतम ८ कक्षा पास भएको स्थानीय व्यक्तिलाई सम्बन्धित वडाले नियुक्ति गरि गा.पा अन्तर्गत शिक्षा युवा तथा खेलकुद शाखालाइ जानकारी दिने ।
३. साक्षरता अभियानका लागि शिक्षा युवा तथा खेलकुद शाखा पेश भई आएको विषयबस्तु तथा मापदण्डनै सिकाइ सहजीकरणको विषयवस्तु रहने छ ।
४. बुदाँ नं २ अनुसार नियुक्त भएका सहजकर्ताहरुलाइ मासिक ३ हजारका दरले ३ महिनाको जम्मा रु. ९००० पारिश्रमिक हाल गा.पा क्षेत्र भित्रको बैंकिंग पहुंच अभाव र कठिन भूगोललाइ मध्यनजर गरि गा.पाले भरपाई गराई भुक्तानी गर्ने ।
५. अभियान संचालन गर्नका लागि गा.पा भित्रका सामुदायिक सिकाइकेन्द्र हरुबाट प्राप्त तथ्यांकका आधारमा पालिका भित्रका हरेक गाउँबस्तीमा तल उल्लेखित संख्यामा सहजकर्ता नियुक्त गर्ने र वडा समितिहरुले २०७६ पौष १ गतेबाट कक्षा संचालनहुने गरि बातावरण मिलाउने ।

| | |
|---|---|
| डोल्फु | ३ |
| चितै | ३ |
| मुगु | ३ |
| ताखा | 2 |
| खारी | १ |
| कार्ति | २ |
| किम्री | ३ |
| दाउरा | ४ |
| सेरोग | 6 |
| पुअ | ३ |
| रिउस | ३ |
| मह | ८ |
| मांग्री | ८ |

प्रमुख प्रशासकीय अधिकृत

पांपू ४
छायल १
चिमाथ ३
गमगढी ३

६. साक्षरता अभियानका लागि संघीय सरकार तथा स्थानीय तह बाट विनियिजित बजेट निम्नानुसार का कार्यक्रमहरुमा खर्च गर्ने।

| सि नं | कार्यक्रम को विबरण | संख्या | आवश्यक बजेट | जिम्मेवार व्यक्ति /निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | साक्षरताका कक्षाहरु | ६० | ५४०,००० | सहजकर्ताहरु/वडा समितिहरु | |
| २ | सहभागीहरुका लागि स्टेशनरी | १२०० | १२०००० | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ३ | समुह व्यवस्थापन | ६० | १२०००० | सहजकर्ताहरु/वडा समितिहरु | |
| ४ | अभियान व्यवस्थापन तथा M & E क्रियाकलापहरु | | ४५००० | गाउँ शिक्षा समिति /शिक्षा युवा तथा खेलकुद शाखा | |
| | जम्मा | | ८२५००० | | |

**निर्णय नं 2** – कर्णाली प्रदेश भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको आ.व ०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मुगु जिल्लामा च्यांग्रा श्रोत केन्द्र स्थापना गर्नका लागि प्रदेश सरकार अन्तर्गतको पशु अस्पताल तथा पशु सेवा केन्द्रले मुगुम कार्मारोङ गा.पा लाई जिल्लाको सबै भन्दा उपयुक्त क्षेत्र ठहर गरकोले गाउँपालिकामा सो श्रोत केन्द्र स्थापना गर्न प्रदेश सरकार र गाउँपालिका बीचको सहकार्य र साझेदारीमा कार्यक्रम अगाढी बढाइने निर्णय गरियो ।

**निर्णय नं ३** – यस गाउँपालिकाको निर्माण व्यवसायी ऐन २०७५ बमोजिम प्रदान गरिने 'घ' वर्गको इजाजत पत्र प्रदान गर्नका लागि लिईने दस्तुर तथा नवीकरण दस्तुरका बारेमा कुनै व्यवस्था नभएकोहुँदा अब उप्रान्त यस ऐन बमोजिम प्रदान गरिने इजाजत पत्रका लागि रु.७००० र इजाजत पत्र नविकरणका लागि रु.२००० दस्तुर लिईने निर्णय गरियो ।

**निर्णय नं ४** – मिति २०७६/०७/१९ गते यस गाउँपालिकामा माउन्ट रारा कन्स्ट्रक्सन प्रा.लिको ईजाजत पत्रका लागि निवेदक श्री पेमा लामा तामागंको निवेदनका साथ संलग्न कागजात तथा गा.पा को प्राविधिक प्रतिवेदन उपर अध्ययन गर्दा निज संस्थापक पेमा लामा तामांग को उक्त कम्पनि माउन्ट रारा कन्स्ट्रक्सन प्रा.लि लाइ गाउँपालिकाको निर्माण व्यवसायी सम्बन्धि ऐन २०७५

बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो । आज्ञाले कार्यपालिका वैठकको निर्णय प्रमाणित गर्ने

शुवास चन्द्र रावल
कार्यपालिका सचिव

नि· प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७६ साल मंसिर ९ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्ने लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |

**निर्णय नं १** –गाउँपालिकालाई प्राप्त भएको आ.व ०७६/०७७ को वितिय समानीकरण तर्फको पशु विकास शाखा बाट संचालन गरिने रु.१५००००० को कुखुरा खरिद कार्यक्रम यस बर्ष गाउँपालिकाको वडा नं ८ मान्ग्रीमा लागु गर्ने र आगामी आ.व ०७७/०७८ को लागि कुखुरा र बाख्र खरिद तथा वितरण प्याकेजका लागि गाउँपालिकाले कर्णाली प्रदेश भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं 2** – गत आ.व ०७५/०७६ मा संचालित गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत गरिएको काम तथा भुक्तानी प्रकुयामा बिभिन्न बस्तिहरु बाट जनगुनासो आएकोले सो कुरा नियमसंगत भए नभएको स्पस्ट पार्नका लागि मिति २०७६/०८/25 गतेको दिन सम्पूर्ण सरोकारवाला हरुको सहभागितामा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं ३** – चालु आ.व २०७६/०७७ मा गाउँपालिका लाइ प्राप्त वितिय समानीकरण तर्फको एक्साभेटर खरिद कार्यक्रम हालसम्म पनि सुरु नभएकोले सो को खरिद प्रक्रिया यथासिघ्र अगाडी बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं ४–** नेपाल सरकारबाट अनुदान प्राप्तभइ संचालनमा रहेको सामुदायिक विधालय दिवाखाजा कार्यक्रम विधालय व्यवस्थापन समिति र अभिवावकको निर्णय अनुसार दिवा खाजा व्यवस्थापन मापदण्ड २०७६ बमोजिम विधालयले नै व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं 5** –हाल गाउँपालिकाले आवासको रुपमा प्रयोग गर्दै आयको घर अगाडीको खालि चौर लाइ हेलिप्याड, खेलमैदान लगाएत, सार्वजनिक कार्यक्रम स्थलको रुपमा विकास गर्न सो को प्राविधिक मुल्यांकन गरि लगत स्टिमेट तयार गर्ने र वरीपरि कुनैपनि खालको संरचना बनाउन नदिन र अतिक्रमण रोक्र पुलु स्थित प्रहरी चौकीलाइ पत्राचार गर्ने ।

**निर्णय नं 6**-चालु आ.अ २०७६/०७७ को वार्षिक कार्यक्रम अनुसार गा.पा उपाध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत महिला हाते होजियारी कार्यक्रम संचालनको लागि हरेक वडा, गाउँ बस्ति हरुबाट तपशिलमा उल्लेखित संख्यामा सम्बन्धित वडा समितिले महिला हरु छनौट गरि जम्मा ४१ जना महिला हरुलाइ एक महिने सिलाई बुनाइ तालिम सहमतिमा स्थान छनौट गरि संचालन गर्ने ।

<u>तपशिल</u>

| | |
|---|---|
| डोल्फु | ३ |
| चितै | २ |
| मुगु | ५ |

| | |
|---|---|
| ताखा | २ |
| खारी | १ |
| कार्ति | २ |
| किम्री | २ |
| दाउरा | २ |
| सरोक | ३ |
| पुअ | २ |
| रिउस | २ |
| मह | ५ |
| मान्ग्री | ५ |
| चिमात | २ |
| छायल | २ |
| पांपू | २ |

**निर्णय नं ७** - चालु आ.अ २०७६/०७७ को वार्षिक अनुसार गा.पा उपाध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत महिला हाते होजियारी कार्यक्रमका लागि छनौट भएका सहभागी महिलाहरु लाइ खाना तथा आवासका लागि विनियोजित रकम बाट मासिक रु. ९ हजारका दरले तथा प्रशिक्षकका लागि मासिक रु. २० हजारका दर ले पारिश्रमिक उपलब्ध गराउने निर्णय पारित गरियो । आज्ञाले कार्यपालिका वैठकको निर्णय प्रमाणित गर्ने

छिरिङ्ग क्याप्जे लामा
गाउँपालिका अध्यक्ष

-------------------
शुवास चन्द्र रावल
कार्यपालिका सचिब

नि. प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु

आज मिति २०७६ साल मङ्सिर २४ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो ।

**निर्णय नं १ :-** बेरोजगार सुची निर्धारण तथा प्रथामिकिकरण मार्गदर्शन २०७६ बमोजिम मिति २०७६/०८/३० गते भित्र बेरोजगार व्यक्तिहरुको सुची सबै वडा कार्यालयबाट गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पेश गरिसक्नु पर्ने छ ।

**निर्णय नं २ :-** देहाय बमोजिमका आयोजनाहरु छनौट गरि श्रम रूज्गार तथा सामाजिक सुरक्षा मन्त्रालयमा २०७६/०८/२५ गते सम्म आनिवार्य रुपमा पेश गर्ने निर्णय गरियो ।

क ) पालांगहेंग देखि डोल्फु गाउँ सम्म बाटो मर्मत वडा नं १
ख ) वडा कार्यालय भवन घेरवार वडा नं २
ग) ताखा गाउँदेखि खारि गाउँसम्म गोरेटो बाटो मर्मत वडा नं ३
घ ) वडा कार्यालय फिल्ड मर्मत सुधार वडा नं ४
ङ) दाउरा गाउँदेख दरेनी सेरोग गाउँसम्म गोरेटो बाटो मर्मत वडा नं ५
च ) गुम्वा खेल मैदान मर्मत वडा नं ६ पूअ
छ ) मह गाउँ देखि च्याप्रेगाड हुँदै छाईल सम्म बाटो मर्मत वडा नं ७
ज) ल्ह्याईक्याप देखि चाल्नेपानि सम्म गोरेटो बाटो निर्माण वडा नं ८
झ) गारझाम देखि छाईल हुँदै थाति सम्म बाटो मर्मत वडा नं ९

**निर्णय नं ३ :-** यस गाउँपालिका बाट मागभई लोकसेवा आयोगको कार्यालय जुम्लाबाट निकट भविष्यमा सिफारिसभई आउने निम्न अनुसारका कर्मचारी हरुलाइ देहाय अनुसार पदस्थापन गर्ने निर्णय गरियो ।

**क ) सहायक स्तर पाँचौ**

**<u>प्रशासन सहायक :</u>**

- ✓ गाउँकार्यपालिका को कार्यालयमा १ जना
- ✓ ९ नं वडा कार्यालय (वडा सचिब) १ जना
- ✓ ७,८ नं वडा कार्यालय (वडा सचिब) १ जना

सब-इन्जिनियर

- ✓ १,२ नं वडा कार्यालयमा १ जना
- ✓ ९ नं वडा कार्यलयमा १ जना

**ख ) सहायक स्तर चौंथो**

<u>प्रशासन सहायक</u>

- ✓ १ नं वडा कार्यालय १ जना
- ✓ ४,५ नं वडा कार्यालय १ जना
- ✓ ६ नं वडा कार्यालय १ जना
- ✓ २,३ नं वडा कार्यालय १ जना

असिस्टेन्ट सब-इन्जीनियर

- ✓ गाउँकार्यपालिकाको कार्यालय १ जना
- ✓ ३,४ नं वडा कार्यालय १ जना
- ✓ ५,५ नं वडा कार्यालय १ जना
- ✓ ७,८ नं वडा कार्यालय १ जना

सचिव

प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

**आज मिति २०७६ साल माघ ०१ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |**

**निर्णय नं १ :-** माथि छलफल गर्दा देहाय बमोजिमका योजनाहरु उत्तरिक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम संचालन कार्यविधि बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने निर्णय सर्वसम्मत पारित भयो |

क) गाउँपालिकाको केन्द्र पुलु देखि मुगु गाउँ हुँदै नाक्चेलाक्रा सम्म सडक निर्माणका लागि रु. १० करोड माग गर्ने निर्णय गरियो |

ख) गाउँपालिकामा आवासीय विधालय , शैक्षिक तथा प्रशासनिक भवन र छात्र/छात्रा आवाश भवन निर्माणको लागि रु. ५ करोड रकम माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो |

ग) यस गाउँपालिकाको स्वास्थ्य स्थितिलाइ मध्यनजर गरि १५ शैयाको अस्पताल निर्माणको लागि रु .५ करोड रकम माग गर्ने निर्णय पारित गरियो |

**निर्णय नं २ :-** माथि छलफल गर्दा दलितहरुलाइ आफर वितरण तथा सिलाई कटाई तालिमको लागि रु.३ लाख चौंथो गाउँसभाबाट पास भएको भएता पनि सुत्रमा प्रविष्टि भएको नदेखिएकोले गाउँपालिकाको संचितकोष बाट पुँजीगत खातामा रकमान्तर गरि पछी पाचौं गाउँसभा बाट अनुमोदन हुने गरि भुक्तानी गर्ने निर्णय गरियो |

**निर्णय नं ३ :-** माथि छलफल गर्दा गाउँपालिकाको भवन निर्माणका लागि आवश्यक पर्ने रकम रु. ३ करोद ५० लाख मध्य १ करोड ५० लाख गाउँपालिकाले व्यहोर्ने र बाँकी रु. २ करोड स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, कार्यक्रम समन्वय ईकाइ ललितपुर संग माग गर्ने निर्णय गरियो |

सचिब

**आज मिति २०७६ साल माघ ०२ गतेका दिन मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्गे लामा ज्युको अध्यक्षतामामा गाउँकार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णय हरु गरियो |**

**निर्णय नं १**:- NCCSP-II कार्यक्रम बाट विनियोजित योजनाहरु मध्य चिमाथ जलविधुतको लागि छुट्याईएको रकम रु. ७ लाख हाल निकासा भईनसकेकोले गाउँपालिकाको सम्पुरक कोषबाट सापटी हुनेगरि दिने र पछी उक्त कार्यक्रमको रकम निकासा भएपछि सोधभर्ना गर्ने निर्णय सर्वसम्मत पारित गरियो |

**निर्णय नं २**:- चौंथो गाउँसभाबाट सर्वसम्मतरुपमा पास भएको तर सुत्रमा प्रविस्टि बहेको नदेखिएकोले चेजाङ्फु गुम्बा निर्माणका लागि आवश्यक रकम रु. १० लाख गाउँपालिकाको संचित कोषबाट भैपरि आउने पुँजीगत खातामा रकमान्तर गरि भुक्तानी दिने निर्णय पारित गरियो |

**निर्णय नं ३** :- संघीय सरकार बाट प्राप्त शसर्त अनुदान शिक्षा तर्फको भौतिक निर्माण अन्तर्गत १६ लाख बराबरको २ कोठे ब्लक संख्या दुई क्रमस: श्री ने.रा आवासीय विधालय ताखा र ने.रा.प्रा.वि चितै लाइ शौचालय निर्माणको लागि एब्लांग प्रा.वि कार्ति लाइ उपलब्ध गराउने निर्णय गरियो |

**निर्णय नं ४** :- नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय बाट अनुमति प्राप्त गरि आवासीय विधालयको रुपमा संचालित श्री ने.रा.प्रा.वि ताखालाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ ज बमोजिम हरेक वर्ष कक्षा थप हुने गरि हाल लाई शैक्षिकसत्र २०७७ देखि कक्षा ६ संचालनको अनुमति प्रदान गर्ने निर्णय गरियो |

**निर्णय नं ५** :- लुम्सदेखि छायल सम्मको सदा मर्मत कार्य सम्पन्न भईसकेको र उक्त कार्यको रकम भुक्तानी गर्नको लागि स्थानीय पूर्वाधार विकास तथा साझेदारि कार्यक्रमको रकम हाल निकासा नभएकोन्हुँदा हाल गाउँपालिकाको भैपरि आउने पुँजीगत शिर्षकबाट स्वत सापटी फिर्ता हुने निर्णय पारित गरियो |

सचिब